P.L.Regdd. No.: 1208/066/067
PAN No. :304236091

SANJEN JALAVIDHYUT COMPANY LIMITED
सान्जेन जलविद्युत कम्पनी लिमिटेड
Kapanmarg, Maharajgunj, Kathmandu

Ref. No.: २०८२/०८३-४९५ मितिः २०८२/०९/०६

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौ ।
Ph. 4250758, 4250735 Fax. 4262538
info@nepalstock.com

विषयः वार्षिक साधारण सभा सम्वन्धी सञ्चालक समितिको निर्णयको जानकारी सम्बन्धमा ।

यस कम्पनीको सञ्चालक समितिको मिति २०८२/०९/०६ गते (तद् नुसार डिसेम्वर २१, २०२५) आईतवार सम्पन्न ३३१ औं बैठकबाट आ. व. २०७९।०८० को तेह्रौं, आ. व. २०८०।८१ को चौधौं र आ. व. २०८१।८२ को पन्ध्रौं वार्षिक साधारण सभाहरु तपशील वमोजिमका विषयहरुमा छलफल तथा निर्णयका लागि निम्न स्थान मिति र समयमा सम्पन्न गर्ने निर्णय भएको ब्यहोरा निर्णयानुसार जानकारीको लागि अनुरोध छ ।

मितिः २०८२ साल पुष २९ गते मंगलवार (तद्अनुसार ई.सं. २०२६ जनवरी १३)

समयः विहान १०.०० बजे ।

स्थानः कुण्डलिनी दरवार ब्यांक्वेट, चण्डोल, काठमाडौं ।

साधारण सभाको विषय सूची :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूवाट आ.व. २०७९।८०, आ. व. २०८०।८१ र आ. व. २०८१।८२ को वार्षिक प्रतिवेदनको प्रस्तुति र सो उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षण प्रतिवेदन सहित आ. व. २०७९।०८० , आ. व. २०८०।०८१ र आ. व. २०८१।८२ को अषाढमसान्त सम्मको वित्तिय विवरणहरु (वासलात , आय विवरण,नगद प्रवाह विवरण तथा सम्वधित अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनीको सञ्चालक समितिको मिति २०८० माघ २ मा वसेको २७३ औं वैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ११३ मा भएको व्यवस्था अनुरुप कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०।१०।०९ को स्वीकृति अनुसार लेखापरीक्षण समितिको सिफारिसमा लेखापरिक्षक श्री सुरेन्द्र बहादुर के.सी. चार्टड एकाउन्टेन्टलाई आ.व. २०८०।८१ को लागि बैधानिक लेखापरीक्षक नियुक्त गरी मूल्य अभिवृद्धि करवाहेक रु १,९५,०००।– (अक्षरेपी एक लाख पन्चानव्वे हजार मात्र) लेखापरीक्षण शुल्क निर्धारण गरी लेखापरीक्षण गराइएकोले सोको अनुमोदन गर्ने सम्वन्धमा ।

४. कम्पनीको सञ्चालक समितिको मिति २०८१ मंसिर २३ मा वसेको ३०२ औं वैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ११३ मा भएको ब्यवस्था अनुरुप श्री महालेखा परिक्षकको कार्यालयबाट प्राप्त मिति २०८२ वैसाख २५ को स्वीकृती र लेखापरीक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षक श्री सुरेन्द्र वहादुर के.सी. चार्टड एकाउन्टेन्टलाई आ.व. २०८१।८२ को लागि बैधानिक लेखापरीक्षक नियुक्त गरी मूल्य अभिवृद्धि करवाहेक रु १,९५,०००।– (अक्षरेपी एक लाख पन्चानव्वे हजार मात्र) लेखापरीक्षण शुल्क निर्धारण गरी लेखापरीक्षण गराइएकोले सोको अनुमोदन गर्ने सम्वन्धमा ।

५. आ व. २०८२।८३ को हिसाब किताब लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ती गर्ने सम्बन्धमा कम्पनीको सञ्चालक समितिको मिति २०८२ मंसिर २६ मा वसेको ३२९ औं वैठकको निर्णय तथा

CORPORATE OFFICE
Kapanmarg-03, Maharajgunj
Kathmandu, Nepal

SITE OFFICE
Sanjen Hydroelectric Project, Thambuchet, Rasuwa
Sanjen (Upper) Hydroelectric Project, Tetanchet Rasuwa

P.O.Box No. : 12667
Email : sanjenhcl@gmail.com
Web : www.sjcl.com.np

Phone No. : 977-1-4374275
Fax No. : 977-1-4375319

P.L.Regdd. No.: 1208/066/067
PAN No. :304236091

SANJEN JALAVIDHYUT COMPANY LIMITED

सान्जेन जलविद्युत कम्पनी लिमिटेड

Kapanmarg, Maharajgunj, Kathmandu

Ref. No.:

कम्पनी ऐन २०६३ को दफा १११ मा भएको व्यवस्था अनुरुप परामर्शका लागि श्री महालेखा परिक्षकको कार्यालयमा अनुरोध गरिएकोमा हालसम्म उक्त कार्यालयको स्वीकृती प्राप्त नभई सकेकोले पछि सो कार्यालयको राय परामर्श प्राप्त भएपछि सोही बमोजिम हुने गरी आ.व. २०८२।८३ को लेखापरिक्षक नियुक्तिको लागि लेखापरिक्षण समितिको सिफारिस भइ सञ्चालक समितिबाट बैधानिक लेखापिरक्षक नियुक्त गर्न र मुल्य अभिवृद्धि करवाहेक रु १,९५,०००।– (एक लाख पन्चानव्वे हजार मात्र) लेखापरिक्षण शुल्क निर्धारण गर्न स्वीकृती दिने सम्बन्धमा ।

६. विशेष प्रस्ताव :

- कम्पनीको नियमावलीको नियम २ र २७(२) मा संशोधन गर्ने सम्वन्धमा।

७. विविध।

(लाभांश सम्वन्धि कुनै प्रस्ताव नरहेको)

शेयर दाखिला खारेज मिति (Book Close Date): मिति २०८२/०९/२०(तद्अनुसार जनवरी ४,२०२६)
(एक दिन)

(घनश्याम श्रेष्ठ)
कम्पनी सचिव

बोधार्थ:

१) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर।

२) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं।

३) श्री सि.डि.एस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाडौं

CORPORATE OFFICE
Kapanmarg-03, Maharajgunj
Kathmandu, Nepal

SITE OFFICE
Sanjen Hydroelectric Project, Thambuchet, Rasuwa
Sanjen (Upper) Hydroelectric Project, Tetanchet Rasuwa

P.O.Box No. : 12667
Email : sanjenhcl@gmail.com
Web : www.sjcl.com.np

Phone No. : 977-1-4374275
Fax No. : 977-1-4375319